# बन्दिपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive

बन्दिपुर, तनहुँ
Bandipur, Tanahun
२०७३

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


**प. सं.** (Ref. No.):२०७९।०८०

**मिति**(Date):-२०७९।०८।१९

**च. नं.** (Des. No.):-

## आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति:२०७९।०८।१९

बन्दिपुर गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखाको आ.व २०७९।०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमको अनुदान उपलब्ध गराउने कार्यक्रमहरू रहेको हुँदा बन्दिपुर गाउँपालिका पशुपन्छी तथा मत्स्य सम्बन्धी व्यावसायिक कृषक फर्महरूले यो सूचना प्रकाशित गरिएको मिति १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक विदा परेको अवस्थामा कार्यालय खुलेको पहिलो दिन कार्यालय समय सम्म प्रस्ताव पेश गर्न तोकिएको ढाँचामा कार्ययोजना सहित देहाय अनुसारको कागजातहरू पशुपन्छी तथा मत्स्य विकास शाखामा पेश गर्नको लागी सम्बन्धित सरोकारवला सवैमा यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.स | कार्यक्रम विवरण | संख्या | संख्या अधिकतम अनुदान सहयोग | कुल बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | निजी व्यावसायिक बाखा फर्म सुदृढिकरण | १६ | २५,०००।- | ४,००,०००।- | |
| २ | साना गाईभैसी फार्म सुदृढिकरण | १२ | २५,०००।- | ३,०००००।- | |
| ३ | साना वंगुर सुँगुर फर्म सुदृढिकरण | ५ | २०,०००।- | १,००,०००।- | |
| ४ | लोकल कुखुरा फर्म सुदृढिकरण | ५ | २०,०००।- | १,००,०००।- | |
| ५ | नयाँ माछा पोखरी निमार्ण | ४ | २५, ०००।- | १,००,०००।- | |

**आवश्यक कागजातहरू**

१. आवेदन फारम ।
२. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि।
३. व्यावसाय दर्ता नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
४. सम्बन्धित वडाको सिफारिस पत्र ।
५. जग्गाधनी पुर्जा वा करारमा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता पत्र ।
६. निर्दिष्ठ फरम्याट अनुसारको संक्षिप्त कार्ययोजनाको प्रस्तावना ।
७. वैदेशिक रोजगारबाट फर्केको युवाहरुको हकमा पासपोर्टको प्रतिलिपि।
८. रू ५००।- को राजश्व तिरेको रसिद ।

**नोट**

विगतका आ.व. हरुमा अनुदान नपाएका कृषकहरूलाई पहिलो प्राथमिकता दिइने छ ।

**सम्पर्क नम्बरहरु**

९८५५०६९९३१, ९८६६०००३७९ ,९८४६२३३७८८, ९८४६६८०२३०,९८६५३०५७८४

२०७९।०८।१९

नन्द लाल शर्मा
प्रमुख प्रशासकिय अधिकृत